## संवत् २०७६ साल बैसाख १२ गते बिहिवार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु

आन्तरिक मामिला तथा कानून मन्त्रालय - विपद् पिडित आवस निर्माण सहयोग कार्यविधि, २०७६ लाई स्वीकृति प्रदान गर्ने ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय - सवारी साधन खरिद गर्न स्वीकृत प्रदान गर्ने ।

आर्थिक मामिला तथा योजना मन्त्रालय - कर्णाली प्रदेश विशेष परियोजना अनुगमन तथा मुल्याङ्कन सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने ।

आर्थिक मामिला तथा योजना मन्त्रालय - कर्णाली प्रदेश सम्पत्ति व्यवस्थापन निर्देशिका, २०७६ स्वीकृत गर्ने ।

आर्थिक मामिला तथा योजना मन्त्रालय - कर्णाली प्रदेश सरकारले उच्च प्राथामिकतामा राखेका योजनाहरुलाई प्राथामिकताका साथ आ.व २०७६/०७७ को लागि संघिय सरकारबाट विनियोजित हुने राष्ट्रिय योजनामा समावेश गर्न राष्ट्रिय योजना आयोगमा पठाउने ।

भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - कृषि तथा पशुपंक्षीजन्य व्यवसाय प्रवर्द्धन बिधेयक, २०७५ को मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

सामाजिक विकास मन्त्रालय - प्रदेश स्वास्थ्य वीमा संयोजक समिति गठन तथा काम, कर्तब्य र अधिकार सम्बन्धी स्वीकृति प्रदान गर्ने ।

सामाजिक विकास मन्त्रालय - प्रदेश आयुर्वेद औषधालय सुर्खेतको व्यवस्थापन समितिको अध्यक्ष पदमा श्री विनोद ढकाललाई मनोनयन गर्ने ।

सामाजिक विकास मन्त्रालय - कलेजो समस्याबाट ग्रसित राष्ट्रिय खेलाडी निर्मल विष्टलाई उपचार सहयोग रु १ लाख आर्थिक मामिला तथा योजना मन्त्रालयबाट निकासा लिई उपलब्ध गराउने ।

।

**संवत् २०७६ साल बैशाख २४ गते मंगलबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्रदेश सभाको चौथो अधिवेशन आह्वान गर्ने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - डोल्पा जिल्लाको जगदुल्ला गाउँपालिकाको केन्द्र सार्ने ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय - आम सञ्चार तथा सूचना प्रविधि सम्बन्धी विधेयकको सैद्धान्तिक स्वीकृति सम्बन्धमा ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय - द्वन्द्व पिडित राहत वितरण कार्यविधि, २०७६ स्वीकृति दिने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय - कर्णाली प्रदेशका सबै जिल्लामा शान्ति सुरक्षा कार्यक्रम संचालन गर्न प्रदेश प्रहरी कार्यालयसँग सम्झौता गर्ने ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय - प्रदेश उद्धार तथा राहत कोष सञ्चालन निर्देशिका, २०७५ संशोधन गर्ने ।

आर्थिक मामिला तथा योजना मन्त्रालय - कर्णाली पूर्वाधार विकास प्राधिकरण गठन, काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्ने स्वीकृति ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - कर्णाली प्रदेश पर्यटन बोर्ड (गठन) आदेश, २०७६ स्वीकृति ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - रसायन तथा रसायनिक विषादी नियन्त्रण सम्बन्धी विधेयक तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - पशु वधशाला तथा मासु जाँच विधेयक तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - माटो तथा मल व्यबस्थापन विधेयक तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति दिने।

**संवत् २०७६ साल बैशाख २८ गते शनिबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

प्रशासन तथा विधेयक समितिबाट परिमार्जन सहित प्राप्त द्वन्द्व पिडित राहत तथा उपचार सम्बन्धी कार्यविधि, २०७६ स्वीकृति दिने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्रशासन तथा विधेयक समितिबाट प्राप्त प्रदेश उद्धार तथा राहत कोष सञ्चालन निर्देशिका, २०७५ मा संशोधन गर्न नपर्ने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्रशासन तथा विधेयक समितिबाट परिमार्जन सहित प्राप्त कर्णाली

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - पूर्वाधार विकास प्राधिकरण गठन, काम कर्तव्य र अधिकार सम्बन्धी व्यबस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्ने स्वीकृति दिने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्रशासन तथा विधेयक समितिबाट परिमार्जन सहित प्राप्त कर्णाली पर्यटन बोर्ड (गठन) आदेश, २०७६ स्वीकृति दिने ।

**संवत् २०७६ साल जेठ ०८ गते बुधबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - रिक्त पदपूर्तिको लागि अनुरोध गरी पठाउने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सुर्खेत जिल्लाको भेरीगङ्गा नगरपालिकाको प्रशासनिक केन्द्र सार्ने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - मुगु जिल्लाको खत्याड गाउँपालिकाको प्रशासनिक केन्द्र तोक्ने ।

**संवत् २०७६ साल जेठ १० गते शुक्रबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

आर्थिक मामिला तथा योजना मन्त्रालय - कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको अवधारणा पत्र स्वीकृत गर्ने ।

**संवत् २०७६ साल असार १ गते आईतबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

आर्थिक मामिला तथा योजना मन्त्रालय - कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

आर्थिक मामिला तथा योजना मन्त्रालय - कर्णाली प्रदेश आर्थिक विधेयक, २०७६ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

आर्थिक मामिला तथा योजना मन्त्रालय - कर्णाली प्रदेश ॠण उठाउने विधेयक, २०७६ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

आर्थिक मामिला तथा योजना मन्त्रालय - आर्थिक वर्ष २०७६/०७७ को आय व्ययको अनुमानित विवरण (बजेट) प्रदेश सभामा प्रस्तुत गर्न स्वीकृति प्रदान गर्ने ।

**संवत् २०७६ साल साउन ०९ विहिबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - कर्णाली ईन्जिनियरिङ्ग कम्पनी लिमिटेड स्थापना गर्ने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - अधिकृत एघारौं तहका प्रमुख स्वास्थ्य शिक्षा प्रशासक डा. राधिका थपलियालाई स्वास्थ्य तालिम केन्द्रमा पदस्थापन गर्ने।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - जाजरकोट जिल्लाको छेडागाड नगरपालिकाको प्रशासनिक केन्द्र परिवर्तन सम्बन्धी विषय मन्त्रिपरिषद राजनैतिक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - जिल्लास्तरमा सेवा कार्यालय आवश्यक पर्ने मन्त्रालयहरुको विशेष प्रकृतिको कार्यसम्पादन गर्नु पर्ने अवस्थामा बाहेक एक मन्त्रालयको एकमात्र एकिकृत कार्यालय स्थापना गर्नेगरी संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय - कर्णाली प्रदेशमा बाढीपहिरो वा यस्तै अन्य प्राकृतिक प्रकोप परी पिडित हुने व्यक्ति वा निजका परिवारलाई पिडित भएको यकिन गरी देहायबमोजिम राहत उपलब्ध गराउनेः

१) मिति २०७६ असार २८ गते डोल्पा जिल्लाको मुड्केचुला गाँउपालिकामा गएको बाढीपहिरो लगायत कर्णाली प्रदेशभर यस्तो प्रकोपबाट मृत्यु हुने व्यक्तिका परिवारलाई प्रतिमृतक रु. एकलाखका दरले उपलब्ध गराउने ।

२) विपदबाट घर पूर्ण रुपमा क्षति भएका प्रतिघर परिवारलाई विपद पिडित आवास निर्माण सहयोग कार्यविधि, २०७६ को दफा ९ बमोजिम घर निर्माणको लागि बढिमा रु. तिनलाख उपलब्ध गराउने।

३) अन्य क्षतिको हकमा प्रभावितहरुको क्षतिको विस्तृत विवरण संकलन गरी औचित्यको आधारमा राहत उपलब्ध गराउने।

**संवत् २०७६ साल साउन १४ बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - कर्णाली प्रदेश र जनगणतन्त्र चीनको उत्तर-पश्चिम क्षेत्रमा अवस्थित शान्सी (Shaanxi) प्रान्त बिच भगिनी सम्बन्ध कायम गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय - कालिकोट जिल्लाको नरहरिनाथ गाँउपालिकाको कार्यालय भवन पुनः निर्माण गर्ने।

आर्थिक मामिला तथा योजना मन्त्रालय - कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ दोस्रो संशोधन गर्ने ।

आर्थिक मामिला तथा योजना मन्त्रालय - कर्णाली प्रदेश बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ पहिलो संशोधन गर्ने।

सामाजिक विकास मन्त्रालय - प्रदेश स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

सामाजिक विकास मन्त्रालय - प्रदेश आकस्मिक स्वास्थ्य उपचार कोष (संचालन) निर्देशिका, २०७६ स्वीकृत गर्ने।

**संवत् २०७६ साल भाद्र ०६ बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - मन्त्रालय/सचिवालय/आयोग/कार्यालय समेत १५९ वटा इकाइ (खर्चको अख्तियारी प्राप्त गर्ने १२० र खर्चको अख्तियारी प्राप्त नगर्ने मातहतका इलाका इकाईहरु ३९) र २५५५ दरबन्दी सहितको प्रदेश सरकारको संगठन तथा व्यवस्थापन स्वीकृत गर्ने।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - दैलेख जिल्लाको गुराँस गाँउपालिकाको प्रशासनिक केन्द्र साविक बराह गाँउ विकास समिति वडा नं. ४ रतिखोलाबाट  हालको गुराँस गाँउपालिका वडा नं ५ स्थित रानिमत्ता भन्ने स्थानमा सार्न नेपाल सरकारमा पठाउने।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - जुम्ला जिल्लाको कनकासुन्दरी गाँउपालिकाको नाम परिवर्तन गरी "खस हाँटसिजा" नामाकरण गर्न नेपाल सरकारमा पठाउने।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्रदेश कानून नबनेका विषयमा त्यस्ता कानून नबनेसम्मका लागि संघीय कानून अनुसार कार्य सञ्चालन गर्ने प्रस्ताव सम्बन्धमा-प्रदेश कानून नबनेसम्मका लागि संघीय कानून अनुसार कार्य सञ्चालन गर्न बाधा नपर्ने हुँदा यस सम्बन्धमा हाल केहि गर्नु नपर्ने।

उद्योग, पर्यटन, वन तथा वाताबरण मन्त्रालय - कर्णाली प्रदेश वातावरण संरक्षण विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने प्रस्ताव सम्बन्धमा- वातावरण संरक्षण सम्बन्धी संघीय कानूनी व्यवस्था तथा अन्य पक्षहरुको समेत थप अध्ययन गरी बिधेयकको मस्यौदा तयार गर्न उपयुक्त देखिएकोले सम्बन्धित मन्त्रालयमा प्रस्ताव फिर्ता पठाउने।

सामाजिक विकास मन्त्रालय - प्रदेश स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक केही परिमार्जन सहित प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

सामाजिक विकास मन्त्रालय - प्रदेश आकस्मिक स्वास्थ्य उपचार कोष (संचालन) निर्देशिका, २०७६ स्वीकृत गर्ने प्रस्ताव सम्बन्धमा- कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐनको विधेयक पेश हुने क्रममा रहेको सन्दर्भलाई समेत विचार गरेर तत्कालका लागि थप अध्ययन गरी पेश गर्न सम्बन्धित मन्त्रालयमा प्रस्ताव फिर्ता पठाउने।

**संवत् २०७६ साल भाद्र १६ बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - दैलेख जिल्लाको भगवतीमाई गाँउपालिकाको केन्द्र साविक पगनाथ गाँउ विकास समितिको कार्यालय रहेको स्थान पगनाथबाट हालको भगवतीमाई गाँउपालिका वडा नं २ स्थित वेस्तडा भन्ने स्थानमा सार्न नेपाल सरकारमा पठाउने।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - कर्णाली प्रदेश योजना आयोगका सदस्य माननीय योगेन्द्र बहादुर शाहीको अजरबैजानको राजधानी बाकुमा हुने बैदेशिक भ्रमण स्वीकृत गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय - विपद् पीडित आवास निर्माण सहयोग कार्यविधि, २०७६ स्वीकृत गर्ने।

आर्थिक मामिला तथा योजना मन्त्रालय - विनियोजन ऐन पहिलो संशोधन विधेयक, २०७६ प्रदेश सभामा पेश गर्ने स्वीकृति प्रदान गर्ने।

**संवत् २०७६ साल आश्विन ०३ गते शुक्रबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - नयाँ संरचना अनुसार कार्यालयका भौतिक सम्पत्ति तथा जनशक्तिको व्यवस्थापन ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - कर्णाली प्रदेश विनियोजन ऐन (पहिलो संशोधन) विधेयक प्रदेश सभाबाट फिर्ता लिने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - आ.व.२०७५।०७६ को बजेट खर्च तथा कार्यक्रम कार्यान्वयन छानविन समिति गठन गर्ने ।

आर्थिक मामिला तथा योजना मन्त्रालय - कर्णाली प्रदेश विनियोजन ऐन, २०७६को दफा ९ बमोजिम बजेट कार्यान्वयन सहजताको लागि आदेश जारी गर्ने ।

सामाजिक विकास मन्त्रालय - भ्यागे नेपाली भन्ने अमर दमाईलाई उपचार खर्च सहयोग ।

**संवत् २०७६ साल आश्विन ०९ गते बिहिबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्रदेश सभाको चौथो अधिवेशन अन्त्य गर्ने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्रदेशमा योजनाहरुको संभाव्यता अध्ययन र परियोजनाहरुको विस्तृत प्रतिवेदन तयारीको लागि चाइना थ्री गर्जेज कर्पोरेशनसँग आवद्ध Shanghai Investigation, Design & Research Institute Co. Ltd संग सहयोग लिने ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - कर्णाली प्रदेश जलचर संरक्षण सम्बन्धी विधेयक तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीज्यूको वैदेशिक भ्रमण स्वीकृति ।

**संवत् २०७६ साल कार्त्तिक ०७ गते बिहिबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी कार्यविधि स्वीकृत गर्ने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - समपुरक तथा विशेष अनुदानका कार्यक्रम/योजनाहरु स्वीकृत गरी नेपाल सरकारसँग अनुदान माग गर्ने ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - प्रदेश स्तरीय पर्यटन प्रवर्द्धन समिति पुनर्गठन र प्रस्ताव आह्वान ।

सामाजिक विकास मन्त्रालय - प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति ।

सामाजिक विकास मन्त्रालय - कर्णाली प्रदेश स्वास्थ्य नीति, २०७६ स्वीकृति ।

सामाजिक विकास मन्त्रालय - पत्रकार डिलप्रसाद शर्मालाई उपचार खर्च सहयोग ।

**संवत् २०७६ साल कार्त्तिक १९ गते मंगलबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - वीरेन्द्रनगर उपत्यकामा चक्रपथ निर्माण र वीरेन्द्रनगर-तेलपानी-भूरीगाउँ सडक खण्डमा पर्ने सुरुङ्ग मार्गको संभाव्यता अध्ययनका लागि नेपाल सरकार मार्फत अनुरोध गर्ने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम संचालन कार्यविधि स्वीकृत गर्ने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका स्वीकृत गर्ने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय श्रम दिन अभियान सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि स्वीकृत गर्ने ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय - कर्णाली प्रदेश विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, २०७६ स्वीकृति ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय - सार्वजनिक विदा सम्बन्धमा।

आर्थिक मामिला तथा योजना मन्त्रालय - कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ स्वीकृत गर्ने ।

आर्थिक मामिला तथा योजना मन्त्रालय - कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ तेस्रो संशोधन गर्ने ।

आर्थिक मामिला तथा योजना मन्त्रालय - कर्णाली प्रदेश बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ दोस्रो संशोधन गर्ने ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - नँया संरचना अनुसार जनशक्ति व्यवस्थापन सम्बन्धमा ।

भौतिक पूर्वाधार विकास मन्त्रालय - भेरी बबई डाईभर्सन बहुउद्देशीय आयोजनाको संचालक समितिमा प्रदेश सरकारको प्रतिनिधि तोक्ने ।

भौतिक पूर्वाधार विकास मन्त्रालय - भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाबाट थप जलविद्युत उत्पादनको संभाव्यता अध्ययन लगाएतका प्रतिवेदन आयोजनाबाट नै तयार गरी उपलब्ध गराउन नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

**संवत् २०७६ साल कार्तिक २९ गते शुक्रबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्याल - प्रदेश योजना आयोगका सदस्य योगेन्द्र बहादुर शाहीको मित्र राष्ट्र चीनको वैदेशिक भ्रमण स्वीकृति ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्याल - कर्णाली उज्यालो कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६ स्वीकृत गर्ने ।

आर्थिक मामिला तथा योजना मन्त्रालय - जिल्ला समन्वय समितिबाट गरिने अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, क्रसिङ्ग र बिक्रि वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ को प्रथम संशोधन स्वीकृत गर्ने ।

सामाजिक विकास मन्त्रालय - शिक्षण अस्पताल सञ्चालनको सहमति ।

**संवत् २०७६ साल पौष ०८ गते बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - कर्णाली प्रदेश समन्वय परिषद्को दोश्रो बैठक सञ्चालनतथा व्यवस्थापन ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय - कालिकोट जिल्लाको नरहरीनाथ गाँउपालिकाको भवन निर्माण ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय - कानूनी सहायता सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय - विपद् जोखिम बीमा सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने ।

आर्थिक मामिला तथा योजना मन्त्रालय - कर्णाली प्रदेशमा कार्यरत कर्मचारीहरु/चिकित्सकहरुको सेवा सुविधा ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - कर्णाली प्रदेशका विमान स्थलहरुको विस्तार तथा स्तरोन्नति ।

सामाजिक विकास मन्त्रालय - सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश घोषणा सहमति ।

सामाजिक विकास मन्त्रालय - आर्थिक सहयोग रकम उपलब्ध गराउने ।

सामाजिक विकास मन्त्रालय - १३ औ साग खेलमा कर्णाली प्रदेश स्थायी ठेगाना भएका तपसिलका पदक प्राप्त खेलाडीलाई प्रोत्साहन स्वरुप तपसिल बमोजिमको रकम उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने ।

**तपसिल**

| सि.नं. | खेलाडीको नामथर | स्वर्ण | रजत | कास्य | जिल्ला | खेल | इभेन्टस | पुरस्कार रकम | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | दिपक हमाल | १ | | | सुर्खेत | उसु | नानछवान | ३,००,०००। | |
| २ | पुष्पा भण्डारी | | १ | | सल्यान | एथलेटिक्स | म्याराथन | २,००,०००। | |
| ३ | गीता राणा | | १ | | सुर्खेत | महिला फुटबल | | २,००,०००। | |
| ४ | टेक बहादुर सार्की | | | १ | सुर्खेत | पुरुष खो खो | | १,००,०००। | |
| ५ | शारदा बि.क. | | १ | | रुकुम पश्चिम | महिला ह्याण्डबल | | २,००,०००। | |
| ६ | चन्द्रकला थापा | | | १ | दैलेख | बक्सिङ | | १,००,०००। | |

**संवत् २०७६ साल पौष २८ गते सोमबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

आर्थिक मामिला तथा योजना मन्त्रालय - आर्थिक वर्ष २०७७/७८ मा समपूरक तथा विशेष अनुदानबाट सञ्चालन गर्ने आयोजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

आर्थिक मामिला तथा योजना मन्त्रालय - विकास परिषद्का सदस्य मनोनयन र सेवा सुविधा ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - कर्णाली प्रदेश खानी अन्वेषण तथा व्यवस्थापन सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृती प्राप्त गर्ने ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - कर्णाली प्रदेश वाणिज्य सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृती प्राप्त गर्ने ।

भौतिक पूर्वाधार विकास मन्त्रालय - कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ संशोधन गर्ने ।

**संवत् २०७६ साल माघ ०९ गते विहीवार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्याल - प्रदेश सभाको पाँचौं अधिवेशन आह्वान गर्ने ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - कर्णाली पर्यटन बोर्डका सदस्यहरुको नियुक्ति ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ।

**संवत् २०७६ साल माघ २६ गते आइतबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश लोक सेवा आयोग (पहिलो संशोधन) ऐन, २०७६ को विधेयक प्रदेश सभामा पेश गर्ने स्वीकृति दिने।

**संवत् २०७६ साल फाल्गुन ०५ गते सोमबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - अत्यावश्यक सेवा र सहरी सौन्दैर्यका संरचना निर्माणका लागि दमकल, पानिट्याङ्कर, डिपबोरिङ् र ट्राफिक लाईट व्यवस्थापनको लागि वीरेन्द्रनगर नगरपालिकालाई सहयोग उपलब्ध गराउने तयारी भैरहेको।

आन्तरिक मामिला तथा कानून मन्त्रालय - कर्णाली प्रदेश प्रसारण नियमावली २०७६, लाई स्वीकृत प्रदान गर्ने।

आर्थिक मामिला तथा योजना मन्त्रालय - प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण गरिने योजना तथा कार्यक्रमहरुको सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयलाई अधिकार प्रत्यायोजन गर्ने।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६ को मस्यौदा स्वीकृति गर्ने।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ को मस्यौदा स्वीकृति गर्ने।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - कर्णाली प्रदेश भूमि समस्या तथा व्यवस्थापन सुझाव समिति (गठन) आदेश, २०७५ को (प्रथम संशोधन) गर्ने।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - व्यावसायिक कृषि तथा पशुपक्षी पालन व्यवसायको लागि व्याज अनुदान कार्यक्रम कार्यविधि, २०७६ स्वीकृत गर्ने।

सामाजिक विकास मन्त्रालय - पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय सम्बन्धी व्यवस्था गर्ने बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने।

सामाजिक विकास मन्त्रालय - बालबालिकाको अधिकार संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने।

सामाजिक विकास मन्त्रालय - 3rd Feb 2020 मा Champions Book of World Records अन्तर्गत Champion of Human Achievement Memory मा रेकर्ड कायम गर्ने महावै गाउँपालिका वडा नं ५ कालिकोट निवासी विजय शाहीलाई पुरस्कार रकम रु दुई लाख उपलब्ध गराउने।

**संवत् २०७६ साल फाल्गुण २३ गते शुक्रबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - कर्णाली प्रदेशका प्रस्तावित रुपान्तरणकारी आयोजनाहरु राष्ट्रिय योजना आयोगमा पठाउने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - मन्त्रिपरिषद् राजनीतिक समितिबाट पेश हुन आएको जाजरकोट जिल्लाको छेडागाड नगरपालिकाको प्रशासनिक केन्द्र परिवर्तन सम्बन्धी विषय।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - मन्त्रिपरिषद् राजनीतिक समितिबाट पेश हुन आएको सल्यान जिल्लाको छत्रेश्वरी गाँउपालिकाको केन्द्र र नाम परिवर्तन गर्न माग गरिएको विषय।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - मन्त्रिपरिषद् राजनीतिक समितिबाट पेश हुन आएको जुम्ला जिल्लाको हिमा गाँउपालिकाको केन्द्र परिवर्तन सम्बन्धी विषय।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - मन्त्रिपरिषद् राजनीतिक समितिबाट पेश हुन आएको डोल्पा जिल्लाको मुड्केचुला गाउँपालिकाको केन्द्र परिवर्तन सम्बन्धी विषय।

आन्तरिक मामिला तथा कानून मन्त्रालय - कारागार भवन निर्माणको लागि अख्तियारी प्रदान गर्ने ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय - गोदामघर निर्माणको लागि नेपाल सरकारसँग रकम माग गर्ने ।

आर्थिक मामिला तथा योजना मन्त्रालय - प्रथम पञ्चवर्षीय योजनाको आधार पत्र स्वीकृत गर्ने ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - आर्थिक वर्ष २०७६/०७७ को लघु उद्यम, पर्यापर्यटन, पशुजन्य कच्चा पदार्थमा आधारित उद्यमहरुलाई अनुदान तथा सहयोग सम्बन्धी कार्यविधि स्वीकृति ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - आर्थिक वर्ष २०७६/७७ को विशेष अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि स्वीकृति ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - कर्णाली प्रदेश सहकारी नियमावली, २०७६ स्वीकृति ।

सामाजिक विकास मन्त्रालय - कोरोना भाइरस (कोभिड-१९) प्रतिकार्य कार्ययोजना स्वीकृति ।

**संवत् २०७६ साल चैत्र १० गते सोमबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - कोरोना भाइरस (कोभिद-१९) रोकथाम तथा नियन्त्रण कार्यलाई प्रभावकारी बनाउनको लागि कार्यकारी समिति गठन गर्ने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सामाजिक विकास मन्त्रालयको सचिव पदमा कायम मुकायम मुकरर गर्ने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सुर्खेत जिल्लाको सिम्ता गाँउपालिकाको प्रशासनिक केन्द्र सार्ने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - वीरेन्द्रनगर नगरपालिकालाई विभिन्न खरिद कार्यका लागि रकम उपलब्ध गराउने ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय - विपद् व्यवस्थापनका लागि रु दश करोडको कोष स्थापना गरी रकम उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने ।

आर्थिक मामिला तथा योजना मन्त्रालय - कर्णाली प्रदेशमा कार्यरत कर्मचारी/चिकित्सकहरुको सेवा सुविधा सम्बन्धी व्यवस्था, २०७६ मा संशोधन तथा थप स्पष्ट गर्ने ।

सामाजिक विकास मन्त्रालय - कोरोना भाइरस (कोभिद-१९) रोकथाम तथा नियन्त्रण कार्यमा खटिने स्वास्थ्यकर्मीलाई सुविधा उपलब्ध गराउने ।

**संवत् २०७६ साल चैत्र १३ गते बिहिबार बसेको प्रदेश मन्त्रिपरिषद्‌को बैठकका निर्णयहरु**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कर्यालय - प्रदेश विपद् व्यवस्थापन कोषमा योगदान गर्ने सम्बन्धमा।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कर्यालय - कोरोना भाइरस (covid-19) को प्रतिकार्य, नियन्त्रण तथा रोकथामका लागि संस्थागत कार्यजिम्मेवारी तोक्ने सम्बन्धमा।

सामाजिक विकास मन्त्रालय - कोरोना भाइरसको पूर्वतयारी, प्रतिकार्य र नियन्त्रणका लागि Isolation वार्ड स्थापना, संचालन, व्यवस्थापन र स्वास्थ्य औषधि तथा उपकरण खरिद सम्बन्धमा।

**संवत् २०७६ साल चैत्र २५ गते मंगलबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकका निर्णयहरु**

आर्थिक मामिला तथा योजना मन्त्रालय -

(१) तेह्र करोड बीस लाख रुँपैया कर्णाली प्रदेश विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने ।

(२) कर्णाली प्रदेश विपद व्यवस्थापन कोषमा जम्मा भएको रकमबाट प्रत्येक गाँउपालिकालाई पन्ध्र लाख रुँपैया र प्रत्येक नगरपालिकालाई बीस लाख रुँपैयाको दरले सम्बन्धित स्थानीय तहले स्थापना गरेको कोषमा रकम उपलब्ध गराउने।

(३) प्रदेश राजधानीको रुपमा रहेको वीरेन्द्रनगर नगरपालिकाले कोरोना भाइरस (COVID-19) प्रभावित स्थायी नगरबासी जनताको साथै नगर भन्दा बहिरका Lockdown को कारणबाट समस्याग्रस्त व्यक्तिहरुको समेत राहत व्यवस्थापन गर्नुपर्ने हुँदा सो नगरपालिकालाई थप रु. दश लाख उपलब्ध गराउने।

सामाजिक विकास मन्त्रालय - अस्पताल व्यवस्थापन समिति सल्यानको अध्यक्ष पदमा मनोनित शारदा न.पा. वडा नं. ७ सल्याना निवासी श्री दामोदर गौतमको मनोनयन बदर गरी सो पदमा साविक कोटवारा-२ सल्यान निवासी श्री चन्द्र प्रकाश वलीलाई मनोनयन गर्ने।

सामाजिक विकास मन्त्रालय - कर्णाली प्रदेशमा ठूलो संख्यामा भारत लगायत अन्य देशहरुबाट आएका कर्णाली प्रदेशका बासिन्दाहरुमा COVID-१९ को संक्रमण भएको हुन सक्ने र फैलिन सक्ने सम्भावनालाई दृष्टिगत गरी द्रुत गतिमा COVID-१९ को परीक्षण गर्न आवश्यक देखिएको हुँदा घुम्ती प्रयोगशाला परीक्षण सेवाको तत्काल व्यवस्थापन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने ।

सामाजिक विकास मन्त्रालय - हाल (COVID-१९) को प्रकोप भइरहेको अवस्थामा यस कर्णाली प्रदेशमा भएका सीमित स्वास्थ्यकर्मीहरु सो प्रकोपको रोकथाम, नियन्त्रण तथा प्रतिकार्यमा संलग्न रहेको अवस्थामा प्रत्येक वर्ष झैं चैत्र महिना देखि विभिन्न मौसमी संक्रमण तथा महामारी समेत हुन सक्ने हुँदा सो को तत्काल व्यवस्थापन तथा प्रतिकार्य गर्न चाहिने औषधि, उपकरण तथा विज्ञ सहितको टोली यस प्रदेशका लागि तयारी अवस्थामा राख्न र आवश्यकता अनुसार परिचालन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कर्यालय - "कोरोना भाइरस (COVID-19) का कारण भारत लगाएत अन्य देशमा रोजगारी गुमाई वा स्थानीय परिस्थितिका कारणले अलपत्रमा परेका कर्णाली प्रदेशबासी लगाएत सबै नेपाली नागरिकहरुको समुचित उद्दार तथा राहतको प्रबन्ध गर्न र नेपाल भित्र बन्दाबन्दीमा परी अलपत्र अवस्थामा रहेका अन्य प्रदेशका बासिन्दाहरुलाई समेत आफ्नो प्रदेशका बासिन्दासरह समान र सम्मानपूर्ण व्यवहार गर्न सबै प्रदेश सरकारहरुलाई आग्रहका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने।"

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कर्यालय - “नेपाल सरकारले घोषणा गरेको Lockdown अवधिको कडाइका साथ परिपालना गर्ने गराउने। सो अवधिमा घर परिवारका सदस्य बाहेक सहभागि

हुने गरी आपतकालिन बाहेकका धार्मिक, साँस्कृतिक तथा सामाजिक चाडपर्व र उत्सव तथा अन्य क्रियाकलापहरु समेत नगर्ने नगराउने ।